नेपाल सरकार

गृह मन्त्रालय

सशस्त्र प्रहरी बल, नेपाल नं. २० गण हे.क्वा. (विपद् उद्धार) काठमाण्डौमा

## पुराना जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना !!!

**प्रथम पटक प्रकाशित मिति २०७७।१२।१६ गते ।**

सशस्त्र प्रहरी बल, नेपाल नं. २० गण हे.क्वा. (विपद् उद्धार), काठमाण्डौमा रहेका तपसिल बमोजिमका विभिन्न पुराना जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम/बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित सर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | पुराना जिन्सी सामानहरुको विवरण | परिमाण | दर मु.अ.कर बाहेक | न्युनतम मुल्य रु. मु.अ.कर बाहेक | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | फलामसँग सम्बन्धित | १०९०.५ के.जी. | रु. ३०.४५।- | रु. ३३२०५.७३।- | | |
| २. | प्लाष्टिकसँग सम्बन्धित | ३३० के.जी. | रु. २६.१०।- | रु. ८६१३।- | | |
| ३. | सिल्भरसँग सम्बन्धित | ७ के.जी. | रु. १११.३६।- | रु. ७७९.५२।- | | |
| ४. | टिनसँग सम्बन्धित | १२१.५ के.जी. | रु. १७.४०।- | रु. २११४.१०।- | | |
| ५. | तामासँग सम्बन्धित | ५ के.जी. | रु. ५८१.६०।- | रु. २९०८।- | रु.१०००।- | |
| ६. | पितलसँग सम्बन्धित | ७९ के.जी. | रु. ४३५।- | रु. ३४३६५।- | | |
| ७. | किटसँग सम्बन्धित | १५ के.जी. | रु. ३३.०६।- | रु. ४९५.९०।- | | |
| ८. | ब्याट्रीसँग सम्बन्धीत | २७१ के.जी. | रु. १०८.७५।- | रु. २९४७१.२५।- | | |
| ९. | काठसंग सम्बन्धित | ७६ के.जी. | रु. ५.२२।- | रु. ३९६.७२।- | | |
| | | | जम्मा | रु. ११२३४९.२१।- | | |

बोलपत्र फारम सशस्त्र प्रहरी बल, नेपाल नं. २० गण हे.क्वा. (विपद् उद्धार), काठमाण्डौमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०७७।१२।२३ गते) को कार्यालय समय भित्र बोलपत्र फारम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फारम ८ औं दिन (मिति २०७७।१२।२४ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. २० गण हे.क्वा. (विपद् उद्धार), काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ, दाखिला भएका बोलपत्र फारमहरु सोही दिनको १४:०० बजे सम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा कोष तथा लेखा नियन्त्रण कार्यालयको रोहबरमा सशस्त्र प्रहरी बल, नेपाल नं. २० गण हे.क्वा. (विपद् उद्धार), काठमाण्डौमा खोलिनेछ । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारणबस सार्वजनिक बिदा पर्न गएमा बिदा पछाडिको पहिलो कार्यालय खुलेको दिन सोही समयमा गरिने छ । बोलपत्र दाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं. २० गण हे.क्वा. (विपद् उद्धार), काठमाण्डौको कार्यालय कोड नं. ३१४०५३५०४ को कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमांण्डौको नेपाल राष्ट्र बैंक, काठमाण्डौको धरौटी खाता नं. १२०१२००-००१-००२-५२४ मा नगदै दाखिला गरी सो को सक्कले भौचर वा ९० (नब्बे) दिन मान्ने अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृतको जानकारी पाएको ७ (सात) दिन भित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी पुराना जिन्सी सामानहरु उठाई लैजानु पर्नेछ । बोलपत्र दाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यायलले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम राजश्वमा दाखिला गरिनेछ । लिलाममा भाग लिन चाहाने व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र ईच्छुक फर्म, संस्था वा कम्पनिहरुले ईजाजत प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । उल्लेखित जिन्सी सामानहरुको बारेमा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. २० गण हे.क्वा. (विपद् उद्धार), काठमाण्डौमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं. ०१- ४४७१३३७/९८५१२७२०६८ मा सम्पर्क राखि आवश्यक जानकारी लिन सकिनेछ । साथै यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको Web site:- www.apf.gov.np मा समेत राखिएको छ ।